आज मिति २०८३ साल वैशाख महिनाको ०८ गते मंगलबारका दिन यस गाउँपालिकाका श्रीमान् अध्यक्ष लक्ष्मी देवी पाण्डे ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितीमा गाँउकार्यपालिकाको ९९ औं बैठक गाँउपालिकाको कार्यालयमा बसी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थितिः-

| हस्ताक्षर | नाम,थर | पद |
|---|---|---|
| | श्री लक्ष्मी देवी पाण्डे | अध्यक्ष |
| | श्री पूर्ण सिं राना मगर | उपाध्यक्ष |
| | श्री रेवती सारु | कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता |
| | श्री प्रेम बहादुर घर्ती | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १ |
| | श्री कृष्ण बहादुर थापा | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २ |
| | श्री बिष्णु राना मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३ |
| | श्री महेन्द्र पाण्डेय | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं४ |
| | श्री पदम बहादुर राना मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५ |
| | श्री छम ब्रहादुर सोमै मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६ |
| | श्री उर्मिला महतो | कार्यपालिका सदस्य |
| | श्री बिनीसरा ढेगा | कार्यपालिका सदस्य |
| | श्री तुलीसरा सोमै | कार्यपालिका सदस्य |
| | श्री मोतीलाल कुमाल | कार्यपालिका सदस्य |
| | श्री केमान सिं बि.क. | कार्यपालिका सदस्य |
| | श्री बेदहरि अधिकारी | प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव |

अन्य उपस्थितिः

| | | |
|---|---|---|
| | श्री राजेन्द्र प्रसाद रेग्मी | व.ले.अ. |
| | श्री रविन्द्र सापकोटा | प्रशासकीय अधिकृत |
| | श्री राजु पौडेल | ग.पु.प्र. |

हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०१।०८ गते बसेको बैठकको निर्णय

**निर्णय नं. १ – व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।**

हुप्सेकोट गाउँपालिका, विधेयक समितिबाट पेश हुन आएको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८३ को दफावार छलफल गरी सर्वसम्मत पारित गरियो।

**निर्णय नं. २ – विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा।**

हुप्सेकोट गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को दफा ६ बमोजिम प्रत्येक वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी समितिको क्रियाशीलतामा क्षति न्यूनीकरणको लागि स्थानीय समुदाय र स्वयंसेवक परिचालन गर्ने साथै प्रत्येक वडामा तोकिएका स्वयंसेवकको नाम थर, ठेगाना र सम्पर्क नं. सहितको विवरण गाउँ कार्यपालिकाको कार्यालयमा यथाशिघ्र उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३ – दुध उत्पादनमा अनुदान सम्बन्धमा।**

यस गाउँपालिकाको चालू आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत दुधमा अनुदान कार्यक्रम कार्यान्वयनका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम सहकारीबाट रीतपूर्वक पेश भएका विवरण रुजु गरी कृषकको बैङ्क खातामा प्रतिलिटर रु. १५ का दरले अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४ - राजश्व परामर्श समितिको प्रतिवेदनमाथि छलफल सम्बन्धमा।**

हुप्सेकोट गाउँपालिका, राजश्व परामर्श समितिबाट आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि पेश भएको प्रतिवेदनमाथि छलफल तथा समीक्षा गरियो। साथै उक्त प्रतिवेदन स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ५ – भगिनि सम्बन्ध कायम गर्ने सम्बन्धमा।**

परस्परमा सहयोग, सद्भाव र सहिष्णुता कायम गरी भातृत्व विकासका लागि बुटवल उपमहानगरपालिका, रुपन्देही, लुम्बिनी प्रदेश र यस गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम गर्न पत्राचार गर्ने निर्णय गरियो।